# एकाइ १

# जित्नुपर्ने संसार–आवश्यकतालाई देख्नु !



# पाठ १

# किन सुसमाचार प्रचार गर्ने ?

टाढाबाट आउँदै गरेको बादलसहितको भयङ्कर हुरी बताससँग पाकेको अन्नको ठूलो खेतलाई चित्रण गर्नुहोस् । थोरै खेतालाहरूले मात्र अन्न बटुलिरहेका छन् । के हुन्छ होला ? धेरै अन्न नाश हुनेछ !

पृथ्वीमा भएको मानिसहरूको भीडलाई येशूले पाकेको अन्नको खेतसँग तुलना गर्नुभएको छ । धेरै ढीलो हुनुभन्दा पहिले नै तिनीहरूले उद्धार पाएको देख्ने चाहना उहाँले राख्नुभएको छ ! उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, “फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन्” र त्यसपछि उहाँले यो आज्ञा दिनुहुन्छ : “जाओ ! हेर, म तिमीहरूलाई ... पठाउँछु” (लूका १०:२-३) ।

आत्माहरूका आत्मिक फसल जम्मा गर्नका लागि मानिसहरूका खेतहरूमा जान येशूले आज आफ्ना चेलाहरूलाई बोलाइरहनुभएको छ । हामीले सुसमाचार प्रचार गरेको उहाँले चाहनुहुन्छ !

अन्न जम्मा गर्नुजस्तै सुसमाचार प्रचार गर्नु किन अति महत्वपूर्ण छ भन्ने कारणहरूलाई तपाईंले यस पाठमा पत्ता लगाउनुहुनेछ । यो किन आवश्यक छ र प्रभुको यस काममा किन तपाईंको सहभागिता हुनैपर्छ भन्ने कुरा पनि तपाईंले पत्ता लगाउनैपर्छ ।



## पाठको रूपरेखा

चुनौती ठूलो छ

हराएकाहरूलाई ख्रीष्टको आवश्यकता छ,

तिनीहरूलाई बताउन उहाँले तपाईंलाई छान्नुभएको छ।

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले :

- सुसमाचार प्रचार गर्ने चुनौती ठूलो छ भनी देखाउने तथ्यहरूको सूची बनाउन सक्नुपर्नेछ।
- किन तपाईंले अरूहरूलाई ख्रीष्टको बारेमा सुसमाचार सुनाउनैपर्छ सोका कारणहरू दिन सक्नुपर्नेछ।
- अरूहरूसँग ख्रीष्टलाई बाँड्नमा उपयोगी हुने बाइबल खण्डहरूलाई उद्धृत गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. पाठको रूपरेखा र पाठका उद्देश्यहरूलाई अध्ययन गर्नुहोस्। तपाईंले यस पाठलाई अध्ययन गर्नुहुँदा तपाईंले सिक्न कोशिश गर्नैपर्ने थोकहरूलाई पहिचान गर्न यिनीहरूले तपाईंलाई मद्दत गर्नेछन्।

२. तपाईंले नबुझ्नुभएका कुनै पनि मुख्य शब्दहरूका परिभाषाहरूलाई यस अध्ययन पुस्तकको अन्त्यमा दिइएको शब्दकोशमा भेट्टाउनुहोस् । उल्लेख गरिएका प्रत्येक बाइबल पदहरूलाई पढ्नुहोस् ।

३. पाठलाई पढ्नुहोस् र पाठ विकासमा दिइएका प्रश्नहरू र अभ्यासहरूलाई पूरा गर्नुहोस् । यस अध्ययन सहयोगी पुस्तकमा उपलब्ध गराइएको ठाउँमा प्रश्नहरूका उत्तरहरू लेख्नुहोस् । तपाईंलाई निर्देशन दिइएका ठाउँहरूमा लामो प्रश्नहरूलाई छुट्टै अभ्यास-पुस्तिकामा लेख्नुहोस् । पाठको अन्त्यमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूलाई जाँच्नुहोस् ।

४. औँला टुप्पो बाइबल खण्ड भनी उल्लेख गरिएको प्रत्येक खण्डमा दिइएको बाइबल पदलाई कण्ठ गर्नुहोस् । तपाईंले कसैसँग येशूको बारेमा कुराकानी गर्नुहुँदा यी पदहरूलाई प्रयोग गर्न सक्नुभएको होस् भन्ने उद्देश्यले मुक्तिका सम्बन्धमा भएका यी पदहरू तपाईंले सिक्नुभएको होस् भनेर नै विशेष गरी तपाईंका निम्ति यी छानिएका हुन् । यी पदहरूलाई तपाईंले साना खाली कार्डहरूमा लेख्नुपर्छ । कार्डहरू बनाउने र प्रयोग गर्ने सम्बन्धमा निर्देशनहरूलाई पाठमा दिइएका छन् ।

५. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र यस पुस्तकको अन्त्यमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूलाई जाँच्नुहोस् । तपाईंले बेठीकसँग दिनुभएका उत्तरहरूलाई समीक्षा गर्नुहोस् ।

## मुख्य शब्दहरू

तल यस पाठको निम्ति मुख्य शब्दहरूको सूची बनाइएको छ । ती शब्दहरूका अर्थहरूलाई यदि तपाईंले जान्नुभयो भने तपाईंले पाठलाई अझै राम्रोसँग बुझ्न सक्नुहुनेछ । सूचीलाई पढ्नुहोस् र तपाईं पक्का नहुनुभएको प्रत्येक शब्दको परिभाषालाई यस पुस्तकको अन्त्यमा दिइएको शब्दकोशमा भेट्टाउनुहोस् । तपाईंले पाठलाई अध्ययन गर्दै जानुहुँदा आवश्यकताअनुसार शब्दकोशको प्रयोग गर्नुहोस् ।

| | |
|---|---|
| आरोहण | आज्ञा |
| स्त्री डिकन | सार्वभौमसत्ता |

---

## पाठ विकास

## चुनौती ठूलो छ

**उद्देश्य १.** *सुसमाचार प्रचारको आवश्यकता देखाउने प्रमाण दिनुहोस् ।*

फसलको फसलको बारेमा भएको ख्रीष्टको विवरणलाई तपाईंले पढिसक्नुभएको छ । यो "पाकेको" र "ठूलो" छ । ख्रीष्टको दिनमा र हाम्रा दिनमा पनि यो मानिसहरूको चित्रण हो भनी तपाईंले सिक्नुभएको छ । अब हामी यस चित्रणलाई अझै नजिकताबाट विचार गरौँ ।

## संसारको जनसङ्ख्या वृद्धि भइरहेको छ

सम्भवतः तपाईं भीडभाड भएको बस वा रेलमा चढ्नुभएको होला । यो केजस्तो थियो भनी के तपाईं सम्झनुहुन्छ ? सबै सिटहरू भरिएका थिए । अरूहरू धेरैसँग तपाईं उभिनुपर्‍यो, र उभिएका मानिसहरू पनि सक्दो च्यापिएका थिए ! धेरै देशहरू झन् झन् भीडमभीड बन्दै गइरहेका छन् । नयाँ भवनहरू दिनदिनै बन्दै गएका भए तापनि प्रत्येकका निम्ति त्यहाँ बस्ने पर्याप्त घरहरू छैनन् ।

जति धेरैं मानिसहरू त्यहाँ हुन्छन्, त्यति नै चाँडो जनसङ्ख्या वृद्धि हुन्छ । इ.सं. १९३० मा हाम्रो संसारको जनसङ्ख्या २ अरब थियो । १९८० मा ४ अरब जनसङ्ख्या पुग्यो । यसको अर्थ ५० वर्षमा २ अरब मानिसहरू थपिए । सन् २००० मा संसारको जनसङ्ख्या ६ अरबभन्दा बढी भइसकेको छ - २० वर्षमा नै अर्को २ अरब मानिसहरूको वृद्धि ! सन् २०११ मा संसारको जनसंख्या ७ अरबभन्दा बढी पुगिसकेको छ ।



ख्रीष्टमा विश्वासीका रूपमा यसको अर्थ तपाईंका लागि के हुन्छ ? तपाईंका वरिपरि भएका प्रायःजसो मानिसहरूले उद्धार पाएका छैनन् भनी तपाईंले महसुस गरिहाल्नुहुनेछ । पहिलेका पुस्ताहरूमा भन्दा आज उद्धार नपाएका धेरै मानिसहरू जिइरहेका छन् भन्ने कुरा पनि तपाईंले महसुस गर्नुहुनेछ । यसको अर्थ मुक्तिदाताका बारेमा अरूहरूलाई बताउनका लागि प्रत्येक विश्वासीको आवश्यकता पर्छ भन्ने हो ।

एशियामा भएका एक प्रचारकले सयवटा भेडाहरू भएका गोठालोको बारेमा ख्रीष्टको कथा एकपल्ट भनेका थिए । एउटा भेडो हरायो । उनान्सय भेडाहरूलाई सुरक्षित ठाउँमा छोडेर यी विश्वासयोग्य गोठाला हराएको एउटा भेडाको खोजीमा गए । अन्त्यमा उनले त्यस भेडोलाई भेट्टाए र उद्धार गरे । उनी अति नै खुसी भए ! उनीसँगै आनन्द मनाउनका लागि उनले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाए ।

“यद्यपि हाम्रो देशमाचाहिँ यो सङ्ख्या ठीक विपरीत रहेको छ । एउटा भेडोमात्र गोठमा छ र उनान्सय भेडाहरू हराएका छन् । केही थोरै मानिसहरूले मात्र उद्धार पाएका छन् । अरूहरू सबैलाई भेट्टाइनु र मुक्तिदाताकहाँ ल्याइनुपर्छ” भनी प्रचारकले बताए ।

**१** मानिलिऔँ, तपाईंले एकसयवटा भेडाहरूको बारेको कथा बताइरहनुभएको थियो । सुरक्षित ठाउँमा रहेका भेडाहरूले तपाईंको देशमा येशूमा भएका विश्वासीहरूको प्रतिनिधित्व गर्छ । यदि यो कथा तपाईंको देशको हो भने गोठालाले कतिवटा हराएका भेडाहरूलाई खोजिरहनुपर्ने हुन्छ ?

....................................................................................................

## मानिसहरू हराएका छन्

के तपाईं कहिल्यै हराउनुभएको छ ? यदि तपाईं हराउनुभएको छ भने तपाईंले कस्तो सहाराहीन र एक्लोपनको महसुस गर्नुभयो भन्ने कुरा तपाईंलाई याद छ होला । कुन बाटो जानुपर्ने हो सो तपाईंलाई थाहा थिएन । तपाईंको बाटो फेरि भेट्टाउनका लागि तपाईंलाई मद्दत गर्न अर्को व्यक्तिको तपाईंलाई आवश्यकता थियो ।

उद्धार नपाएका मानिसहरूको आत्मिक अवस्थाको वर्णन गर्न येशूले हरायो शब्द प्रयोग गर्नुभएको थियो । तिनीहरूको ओहोदासँग यस अवस्थाको कुनै पनि सम्बन्ध छैन । तिनीहरू अति शिक्षित, व्यवस्था पालन गर्ने नागरिकहरू हुन सक्छन् र पनि आत्मिक रूपमा हराएका हुन सक्छन् । धनी वा गरीब जे भए पनि, तिनीहरूका आफ्ना जीवनमा खीष्ट हुनुहुन्न भने तिनीहरू हराएका छन् । यो हराएको अवस्थालाई अझै दयनीय बनाउने कुराचाहिँ यो हो कि धेरै जना यस विषयमा सचेत नै नभई हराइरहेका छन् । तिनीहरू हराएका छन् र यो तिनीहरूलाई थाहा छैन ।

एउटा मानिस रेलमा यात्रा गरिरहेका थिए । उनीसँग टिकट र आरामदायी सिट थियो । रेलको टिकट जाँच्ने व्यक्ति उनीकहाँ आइपुग्दा उनी बाहिर देखिने सुन्दर दृश्यमा रमाइरहेका थिए । आफू गलत गन्तव्यतिर गइरहेको कुरा ती मानिसले पत्ता लगाएपछि उनी त्रसित भए ! धेरै मानिसहरू यी यात्रीजस्तै छन् । तिनीहरू गलत गन्तव्यतिर अघि बढिरहेका हुन्छन्, तर यो जानेका हुँदैनन् । उनीहरूका विचारअनुसार उनीहरूले गरेका कुराहरूमा उनीहरू इमानदार नै हुन सक्छन्, तर यो पर्याप्त छैन । तिनीहरूलाई उद्धारको एकमात्र बाटोतर्फ अगुवाइ गरिनु आवश्यक छ ।

हराएकाहरूका बारेमा येशूले कस्तो अनुभूति गर्नुहुन्छ भन्ने बारेमा के तपाईंले कहिल्यै कल्पना गर्नुभएको छ ?

एक अति व्यस्त आमालाई उनकी दुई सानी छोरीहरूले उनीहरूको घरनजिकैबाट गइरहेको जुलुस हेर्न दुई टोल पर जानका लागि बिन्ती गरे । तिनीहरू आफ्नै सडकको कुनामा बस्नुपर्ने शर्तमा तिनीहरूलाई जान दिन उनी मञ्जुर भइन् । केही समयपछि नै उनले फेरि विचार गरिन् । उत्तेजनाको त्यस घडीमा भीडहरूले ठेलेर तिनीहरूलाई टाढा पुऱ्यायो भने अँध्यारो हुँदै जाँदा तिनीहरू कहाँ छन् भन्ने कुरा चिन्न नै उनी तिनीहरूकहाँ छिट्टै जानैपर्छ । सबै थोकहरू छोडेर, उनी हतारहतार तिनीहरूलाई बस्नू भनेको कुनामा गइन् । तिनीहरू त्यहाँ नभएकाले उनलाई ठूलो अत्यास लाग्यो । आफ्नी छोरीहरूका नाम बोलाउँदै उनी मानिसहरू जम्मा भएका लाइनमा यताउति गइन्, तर तिनीहरूलाई भेट्टाउन सकिनन् । ठूलो सरोकार राख्दै उनी जुलुसको लाइनको अगाडिपट्टि पुगिन् र जुलुस सँगसँगै हिँड्न थालिन् । *मैले तिनीहरूलाई देखिन भने पनि कमसेकम तिनीहरूले मलाई देख्छन्* भनी उनले विचार गरेकी थिइन् ।

जुलुस सकिएपछि मानिसहरू तितरबितर हुन थाले । नैराश्यको त्यस क्षणमा ती आमा अग्लो ठाउँमा उभिएर आफ्नी छोरीहरूलाई हेर्न थालिन् । अझै पनि तिनीहरूको अत्तोपत्तो लागेन ! अब के गर्नुपर्ने हो भन्ने कुरा थाहा नभएपछि उनी आफूले खुल्लै छोडेर आएको घरमा दौडेर फर्किन् । घरमा आफ्नी छोरीहरू सुरक्षित भेट्टाउँदा उनी अति नै आनन्दित भइन् । एउटा मित्रले तिनीहरूलाई बाटो देखाइदिएका थिए ।

पछि आमाले विचार गरिन् : *मलाई कसैले पनि नदेखोस् भन्ने एक काँतर, लज्जालु व्यक्ति म यहाँ छु । तर मेरा छोराछोरीहरू हराए भनी जब मैले विचार गरेँ, मैले आफैँलाई, मेरो कामलाई, र मेरो घरलाई बिर्सेँ । मेरो एउटै सरोकार तिनीहरूलाई भेट्टाउनु थियो । अनन्तका लागि हराएका आत्माहरूका निम्ति के मैले यति नै सरोकार राख्नु पर्दैन र ? मैले मेरी छोरीहरूका निम्ति राखेको सरोकारभन्दा अझ धेरै सरोकार येशूले तिनीहरूका निम्ति राख्नुहुन्छ । तिनीहरूलाई बचाउनका लागि उहाँ मर्नुभयो, तर तिनीहरूलाई बाटो देखाउनका लागि उहाँलाई मेरो आवश्यकता छ । गएर तिनीहरूलाई खोज्नका लागि म धेरै व्यस्त वा लज्जालु हुनुहुँदैन ।*

**२** कथामा भएकी आमाले आफ्नी छोरीहरूलाई भेट्टाउनका लागि कुन दुई कुराहरू गरिन्, आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् ।

## मानिसहरूसँग आवश्यकताहरू छन्

कुनै किसिमको आवश्यकता विनाको कुनै पनि व्यक्तिको बारेमा म विचार गर्न सक्दिन । के तपाईं विचार गर्न सक्नुहुन्छ ? धनी परिवारहरूमा पनि आवश्यकताहरू हुन्छन् । एक धनी व्यक्तिसँग पैसाले किन्न सक्ने सबै थोकहरू हुन सक्छन् । उनीसँग प्रशस्तै खानेकुरा, लुगाफाटा, घरहरू, जग्गा-जमिन र गाडीहरू हुन सक्छन् । र पनि उनका एक मात्र छोरा बिरामी परेका हुनाले उनी अति नै निराश हुन सक्छन् ।

मानिसहरूका आवश्यकताहरू फरक फरक हुन्छन् । दिइएको उदाहरणमा आवश्यकताहरू शारीरिक र भावनात्मक थिए । बिरामी छोरालाई चङ्गाइको आवश्यकता थियो र उनका बाबु सान्त्वना चाहन्थे । धेरै मानिसहरूका लागि भौतिक आवश्यकताहरू नै अति महत्वपूर्ण हुन्छन् । असङ्ख्य हजारौँ व्यक्तिहरू

गाँस, वास र कपासका आधारभूत आवश्यकताहरू प्राप्त गर्नबाट वञ्चित छन् । उनीहरूलाई सहायता प्रदान गरिनैपर्छ ।

अरूहरू मनोवैज्ञानिक र मानसिक समस्याहरूबाट ग्रसित छन् । तिनीहरूलाई आनन्द र शान्तिको कमी छ । अरूहरूले प्रेमको चाहना राख्दछन् र अरूहरूलाई साहसको आवश्यकता छ र तिनीहरूका आत्मालाई हौसला दिनुपर्छ । अनि लाखौं व्यक्तिहरूले आफ्ना उच्च शिक्षाका लागि वा सामाजिक रूपमा स्वीकार हुनका लागि विभिन्न उपायहरू खोजिरहेका छन् ।

तर मानिसहरूको सबैभन्दा ठूलो एक्लो आवश्यकता आत्मिक हो । कोही व्यक्ति त्यस आवश्यकताप्रति सचेत र यस बारेमा केही गर्न इच्छुक हुनैपर्छ ।

**३** आफ्नो अभ्यास-पुस्तिकामा तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

**(क)** मानिसहरूसँग भएका पाँच विभिन्न आवश्यकताहरूका नाम उल्लेख गर्नुहोस् ।

**(ख)** मानिसहरूसँग भएको सबैभन्दा ठूलो आवश्यकता कुन हो ?

कोरियामा ठूलो मण्डलीकी एक जना स्त्री डिकन बजारमा गइन् । घरमा भएका आफ्ना समस्याहरूका बारेमा एउटा स्त्रीले अर्कीलाई बताइरहेकी तिनले त्यहाँ सुनिन् । यी स्त्री डिकनले ती स्त्रीका घरसम्म तिनलाई पछ्याइन्, ती स्त्री भित्र गई सबै कुरा मिलाउने समय दिएपछि, तिनले ती स्त्रीको घरको ढोका ढक्ढक्याइन् । नम्रतासाथ तिनले आफ्नो परिचय दिइन् र ती स्त्रीका कठिनाइका बारेमा बजारमा आफूले स्त्रीहरूका मुखबाट सुनेका कुरा बताइन् ।

आवश्यकतामा परेका मानिसहरूका निम्ति आफ्नो घरमा प्रार्थना गर्नका लागि मित्रहरू भेला हुने कुरालाई तिनले उल्लेख गरिन् । त्यस भेलाले उनको लागि प्रार्थना गरिदिनसक्छ  कि भनी तिनले ती स्त्रीसँग सोधिन् । ती स्त्रीले "हुन्छ" भनी जवाफ दिएपछि तिनको पहिलो भेटघाट सकियो ।

यस आवश्यकताको निम्ति समूहले केही दिन प्रार्थना गरेपछि, यी स्त्री डिकन फेरि ती स्त्रीको घरमा गइन् । यसपल्ट तिनले ती स्त्रीको अनुहारमा मुस्कान देखिन् । परमेश्वरले प्रार्थनाको उत्तर दिइसक्नुभएको थियो । ती स्त्री र तिनका पति, एक प्राध्यापकका बीचमा वैवाहिक समस्याहरू थिए र तिनीहरू छोडपत्र गर्ने विचारमा पुगेका थिए । अब थोकहरू परिवर्तन हुन सुरू भइसकेका थिए । स्त्री डिकन ती स्त्रीको आनन्दमा सहभागी भइन् र घरेलु सङ्गतिमा

आउनका लागि तिनलाई निमन्त्रणा दिइन् । छिट्टै नै ती स्त्री बडो आनन्दसाथ ख्रीष्टियान बनिन् र आफ्ना पतिलाई पनि ख्रीष्टमा जितिन् ।

ती स्त्री डिकन मानिसहरूका आवश्यकताहरूप्रति अति सचेत थिइन् । आज ती प्राध्यापक र तिनकी पत्नी एउटा मण्डलीका सदस्यहरू हुन् र तिनीहरूले एक घरेलु झुण्डमा अगुवाइ गरिरहेका छन् जहाँ ख्रीष्टका निम्ति मानिसहरूलाई जितिएको छ ।

**४** सुसमाचार प्रचार गर्ने आवश्यकता ठूलो छ भनी देखाउने तीन तथ्यहरूलाई तपाईंले सिक्नुभएको छ । यी प्रत्येकलाई तपाईंको अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस् र पाठबाट वा तपाईंको आफ्नै अनुभवबाट ती समर्थन गर्नका लागि प्रमाण दिनुहोस् ।

## हराएकाहरूलाई ख्रीष्टको आवश्यकता छ

**उद्देश्य २.** *हराएकाहरूलाई ख्रीष्टको आवश्यकता छ भनिने बयानलाई समर्थन गर्ने बाइबल पदहरूलाई पहिचान गर्नुहोस् ।*

## ख्रीष्ट मात्र मुक्तिको उपाय हुनुहुन्छ

ख्रीष्टमा राखिएको विश्वास मात्र मुक्तिको उपाय हो भनी बाइबलले उल्लेख गरेको छ । उहाँ आफैंले भन्नुभयो, “बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन” (यूहन्ना १४:६) ।

एक व्यक्ति अचानक गहिरो खाल्टोमा खसेपछि उनले सहयोगको पुकारा गरे । त्यहाँ आइपुगेका पहिला रोकिए, तर तिनले यसो भन्दै आफ्नो बाटो लागे, “यो व्यक्ति होसियार हुनुपर्ने थियो र ऊ यस दुर्घटनामा पर्ने थिएन ।” त्यहाँ आइपुगेको दोस्रो व्यक्तिले खाडलमा भएको मानिसको गल्ती कार्यको निम्ति उनलाई नै दोष्याए । तब तेस्रो व्यक्ति आएर रोकिए र दयासाथ भने, “तपाईं खाल्टोमा पर्नुभएकोमा म अति नै दुःखित छु ।”

खाल्टोमा परेका व्यक्तिलाई बुद्धिमान् सल्लाहको आवश्यकता थिएन न ता उनलाई अस्वीकार वा सान्त्वनाको नै आवश्यकता थियो । उनलाई उद्धारको आवश्यकता थियो ! अन्त्यमा चौथो व्यक्ति त्यहाँ आए, र उनको अवस्था देखी उनले हतार हतार डोरी ल्याए र उनलाई बाहिर ताने । उनी ती मानिसका उद्धारक बने ।

पापबाट बाहिर निकाली मानिसहरूलाई बचाउन र तिनीहरूलाई जीवनको मार्ग देखाउन ख्रीष्ट आउनुभयो । हराएका मानिसहरूलाई, पतन भएका मानिसहरूलाई यस किसिमका उद्धारकको आवश्यकता पर्दछ । संसारको न्याय गर्न होइन, "तर यसको मुक्तिदाता हुनका लागि" येशूलाई संसारमा पठाइएको थियो (यूहन्ना ३:१७) ।

**५** तल उल्लिखित पदहरूलाई भेट्टाउनुहोस् । ख्रीष्ट मात्र मुक्तिका उपाय हुनुहुन्छ भन्ने विचारलाई कुन चाहिँले समर्थन गर्छ ?

(क) यूहन्ना ३:१७

(ख) लूका १२:८

(ग) प्रेरित ४:१२

मानिसहरू आत्मिक रूपमा हराएका छन् भनी तपाईंले सिक्नुभयो । मानिसहरूले आफ्नो हराएको सम्पत्ति खोजिरहेका बारेमा लूका १५ मा येशूले केही सुन्दर कथाहरू भन्नुभएको छ । लूका १९ मा हराएको एउटा भेडालाई खोज्न जाने गोठालोको कथाले आफ्नो पापमा हराएको प्रत्येक व्यक्तिलाई "खोज्न र उद्धार गर्न" कसरी येशू आउनुभयो भन्ने कुरा हामीलाई स्पष्टसँग देखाउँछ (१० पद) । कुनै पनि व्यक्ति महत्वहीन छैन; प्रत्येक परमेश्वरका लागि मूल्यवान् छ ! "संसारका मुक्तिदाता हुनका लागि उहाँले आफ्ना पुत्र पठाउनुभयो" (१ यूहन्ना ४:१४) । आफ्नो हराएको सिक्का नभेटाउञ्जेल बत्ती बालेर, घर बढारेर, बडो होसियारीसाथ खोज्ने स्त्रीजस्तै हाम्रा मुक्तिदाताले पनि हराएका मानिसहरूलाई खोज्नुहुन्छ ।

हराएका मानिसहरूले आफ्ना पापहरूबाट पश्चात्ताप गर्दा स्वर्गमा ठूलो आनन्द हुन्छ भनी येशूले भन्नुभयो (लूका १५:७, १०) किनकि हराएको कुरा भेटिएको छ !

**६** यहाँ तपाईंको *औँलाटुप्पो* बाइबल खण्ड छ । शीर्षक, बाइबल पद र बाइबल खण्डलाई कण्ठ गर्नुहोस् । तपाईंको सानो खाली काडहरूमध्ये एउटालाई लिनुहोस् । कार्डको एकापट्टि औँलाटुप्पो बाइबल खण्डको शीर्षक र बाइबल खण्ड लेख्नुहोस् । अर्कोपट्टि तलको उदाहरणमा तपाईंले देख्नुभएझैँ बाइबल पदलाई लेख्नुहोस् । तपाईंले यो कार्ड (र तपाईंले बनाउनुहुने अरू) लाई आफूसँग राख्नुहोस् र समय पाउनुहुँदा यी खण्डहरूलाई सिक्नुहोस् र समीक्षा गर्नुहोस् ।

*शीर्षक :* **मुक्तिको तथ्य** *बाइबल खण्ड :* **१ तिमोथी १:१५**

*बाइबल पद :* **यो वचन हर प्रकारले ग्रहणयोग्य छ कि पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो ।**

| (भाग १) | (भाग २) |
|---|---|
| *मुक्तिको तथ्य*<br>*१ तिमोथी १:१५* | *यो वचन हर प्रकारले ग्रहणयोग्य छ, कि पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो ।* |

## सबैले उद्धार पाएको परमेश्वरले चाहनुहुन्छ

> "जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, दुष्टहरूको मृत्युमा म खुसी हुन्न, तर तिनीहरूले आफ्नो चाल त्यागेर बाँचून् भनी म चाहन्छु (इजकिएल ३३:११) ।"

> हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ । सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ (१ तिमोथी २:३-४) ।

> कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ (२ पत्रुस ३:९) ।

इजकिएल पुरानो करार अगमवक्ता थिए । १ तिमोथी लेख्ने पावल र २ पत्रुस लेख्ने पत्रुस नयाँ करार लेखकहरू थिए । यी तीनैजना व्यक्तिहरूले पवित्र आत्माद्वारा प्रेरणा पाएका थिए । सबैले उद्धार पाएको परमेश्वरले चाहनुहुन्छ भनी तिनीहरूले लेखेका शब्दहरूबाट हामी जान्दछौं । हराएकाहरू भेट्टाइएका र हेरचाहा गरिएका उहाँले चाहनुहुन्छ ।

**७** तल बायाँपट्टि दिइएका बाइबल पदहरूलाई पढ्नुहोस् । दायाँपट्टि दिइएको बयानलाई समर्थन गर्ने पदसँग यसको जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| ... क १ कोरिन्थी ३:११ | १) ख्रीष्ट मुक्तिका एक मात्र उपाय हुनुहुन्छ । |
| ... ख १ तिमोथी २:६ | २) सबैले उद्धार पाएको परमेश्वरले चाहनुहुन्छ । |

... ग यूहन्ना ३:३६
... घ १ तिमोथी २:३-४
... ङ १ तिमोथी २:५

## तिनीहरूलाई बताउन उहाँले तपाईंलाई छान्नुभएको छ

**उद्देश्य ३**. *किन तपाईंले व्यक्तिगत रूपमा सुसमाचार बाँड्नैपर्छ भनी कारणहरू दिने बयानहरूलाई छान्नुहोस् ।*

अरूहरूलाई ख्रीष्ट चिनाउनका लागि तपाईंले सुसमाचार बाँड्नैपर्छ भनी के तपाईं विश्वास गर्नुहुन्छ ? हामी आशावादी छौं । येशूले भन्नुभयो, “मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ” (यूहन्ना १५:१६) । येशू दाखको बोट हुनुहुन्छ; हामीहरूचाहिँ हाँगाहरू हौं । हरेक हाँगाले फल फलाएको उहाँले चाहनुहुन्छ - हामीलाई जीवन र सामर्थ्य दिनुमा उहाँको कारण त्यही नै हो । उहाँका बारेमा अरूहरूलाई बताउन उहाँले तपाईंलाई छान्नुभएका तीन कारणहरू यी हुन् ।

## मानिसहरूमाथि ख्रीष्टको दावी छ

सबै थोकलाई सृष्टि गर्नुहुने स्वर्गबाट पठाइनुभएका ईश्वर-मानव उहाँ नै हुनुहुन्छ (यूहन्ना १:३) । एक अवसरमा उहाँले भन्नुभयो, “अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतर खिँच्नेछु” (यूहन्ना १२:३२) । जब सिपाहीहरूले येशूलाई टाँगिएको ठूलो, खस्रो क्रूस उठाएर पृथ्वीमा गाडिदिए, तब यो बाइबल पदको परिपूर्ति भयो । किनकि हरेक मानिसको निम्ति येशूले क्रूसमा मृत्युको स्वाद चाख्नुभयो (हिब्रू २:९) । उहाँ हरेकको निम्ति मर्नुभएको हुनाले, उहाँले सबैमाथि दावी गर्न सक्नुहुन्छ ।

यसका अतिरिक्त, सबैमाथि प्रभुका रूपमा सम्मान गरिँदा हरेकमाथि भएको उहाँको दावी पूर्ण रूपमा पूरा हुनेछ । फिलिप्पी २:१०-११ मा हामी पढ्छौं कि “स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ ।” यसरी तपाईं र उहाँको निम्ति तपाईंले जित्न खोज्नुभएको व्यक्तिमाथि ख्रीष्टको दावी छ ।

**८** तल दिइएको प्रत्येक बयानको मुनि ठीक वा बेठीक के हो सो लेख्नुहोस् र तपाईंको उत्तरलाई समर्थन गर्ने बाइबल पदलाई पनि लेख्नुहोस्। यदि बयान बेठीक छ भने यसलाई ठीक बनाउन फेरि सच्याएर लेख्नुहोस्।

**क** पश्चात्तापका बारेमा येशूले सिकाउनुभएको शिक्षाले देखाएको थियो कि सबै मानिसहरूमाथि उहाँको दावी छ।

..............................................................................................

**ख** एक दिन हरेक व्यक्तिले येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भन्नेछ।

..............................................................................................

**ग** उहाँमा विश्वास गर्नेहरूका निम्ति मात्र ख्रीष्ट मर्नुभयो।

..............................................................................................

९ यहाँ तपाईंको दोस्रो *औंलाटुप्पो* बाइबल खण्ड छ। शीर्षक, बाइबल खण्ड र बाइबल पदलाई पढ्नुहोस्। प्रश्न ६ मा तपाईंलाई निर्देशन दिइएझैं यसलाई तपाईंको एउटा सानो खाली कार्डमा लेख्नुहोस्।

*शीर्षक :* **मुक्तिको उपाय** *बाइबल खण्ड :* **रोमी १०:१३**

*बाइबल पद :* **किनकि "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।"**

## महान् आज्ञा अझै जायज छ

येशू स्वर्गारोहण हुनुभन्दा पहिले उहाँले यो आज्ञा दिनुभयो : "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, र मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ" (मत्ती २८:१९-२०)।

सामान्यतः महान् आज्ञा भनिने यी शब्दहरू चेलाहरूका निम्ति मात्र नभएर येशूलाई पछ्याउने सबैका निम्ति हो। चेलाहरू बनाउनुपर्ने मानिसहरू संसारमा रहुन्जेल ख्रीष्टका यी वचनहरू प्रयोग भइ नै रहनेछन्। यसरी महान् आज्ञा अझै पनि जायज र प्रभावकारी छ। यो कहिल्यै पनि खारिज भएको छैन।

**१०** महान् आज्ञा आजको निम्ति पनि जायज छ किनकि
क येशूले भन्नुभएको अन्तिम कुरा नै यही थियो ।
ख आजका विश्वासीहरू पनि ख्रीष्टलाई पछ्याउनेहरू हुन् ।
ग यसको अर्थ के हो भनी हरेकलाई थाहा छ ।

## मानिसहरूलाई भनिनु आवश्यक छ

महान् आज्ञाले आज्ञाकारिताको आह्वान गर्छ । तपाईंले ख्रीष्टको वचन तपाई आफैंकहाँ प्रयोग गर्नुहुँदा तपाईंले अरूहरूसँग सुसमाचार बाँड्नैपर्छ भनी तपाईंले महसुस गर्नुहुनेछ । सुसमाचारचाहिँ यही नै हो कि "पापीहरूलाई उद्धार गर्नका लागि येशू ख्रीष्ट यस संसारमा आउनुभयो" (१ तिमोथी १:१५) । सुसमाचार यो पनि हो कि "सहायताको निम्ति परमप्रभुलाई पुकारा गर्ने प्रत्येक व्यक्तिले उद्धार पाउनेछ" (रोमी १०:१३) । हामीले यो सुसमाचार आफैंमा मात्र सीमित राख्न सक्दैनौं !

रोमी १०:१४ मा लेखक पावलले एक अर्कासँग सम्बन्धित प्रश्नहरू सोधेका छन् । एउटाले अर्कोमा कसरी लैजान्छ ध्यान दिनुहोस् :

*प्रश्न १ :* "तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने ?"

*प्रश्न २ :* "जसको विषयमा सुनकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ?"

*प्रश्न ३ :* "र प्रचारकविना तिनीहरूले कसरी सुन्ने ?"

अर्को प्रकारले भन्ने हो भने, त्यहाँ उद्देश्यपूर्ण गवाही दिने काम हुनैपर्छ, नत्रभने मानिसहरूले ख्रीष्टलाई ग्रहण गर्ने मौका पाउँदैनन् ।

**११** रोमी १०:१४ अनुसार एक व्यक्तिले उद्धार पाउनका लागि त्यहाँ चारवटा कुराहरू हुनैपर्छ । यी चार कुराहरूलाई तलको वाक्य (बायाँ स्तम्भ) मा उल्लेख गरिएको छ । तिनीहरूले वर्णन गरेका घटनाहरूलाई क्रमबद्ध रूपमा उल्लेख गर्ने वाक्यहरूको सङ्ख्या लेख्नुहोस् ।

| | |
|---|---|
| .... क उनले सन्देश सुन्छन् । | १) पहिलो |
| .... ख उनले मद्दतका निम्ति ख्रीष्टलाई पुकारा गर्छन् । | २) दोस्रो |

.... ग कसैले उनलाई ख्रीष्टको बारेमा बताउँछ । ३) तेस्रो

.... घ आफूले सुनेको कुरा उनी विश्वास गर्छन् । ४) चौथो

**१२** प्रश्न ११ मा दिइएका चार घटनाहरूमध्ये ख्रीष्टियान साक्षीका रूपमा तपाईं सीधै जिम्मेवार हुनुभएकोचाहिँ कुन घटना हो ?

..........................................................................................

तपाईंले सबैभन्दा पहिले कसरी सुसमाचार सुन्नुभयो एकछिन विचार गर्नुहोस् । कसैले तपाईंको सुनुवाइमा यसलाई ल्यायो । तपाईंले विश्वास गर्नुभयो । प्रभुको उद्धारको सहायताको निम्ति तपाईंले प्रभुसँग विन्ती गर्नुभयो । तब उहाँले तपाईंलाई उद्धार गर्नुभयो । त्यहाँ अर्को कुनै उपाय नै थिएन । यसरी नै तपाईंले अरूहरूलाई भन्नैपर्छ । स्पष्टसँग सुन्ने, पूर्णरूपमा बुझ्ने र प्रभुको उद्धारको अनुग्रहको निम्ति उहाँको नाम पुकार्ने मौका तिनिहरूलाई दिइनैपर्छ ।

**१३** अरूहरूसँग सुसमाचार बाँड्नका लागि तपाईंलाई व्यक्तिगत रूपमा छानिएको छ भनी देखाउने प्रत्येक बाइबल पदको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क) “मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनेँ र तिमीहरूलाई नियुक्त गरेँ, कि तिमीहरू जाओ र फल फलाओ” (यूहन्ना १५:१६) ।

ख) “मैले उत्तम लडन्त लडेको छु । मैले दौड सिध्याएको छु” (२ तिमोथी ४:७) ।

ग) “प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ” (१ कोरिन्थी १३:६) ।

घ) “मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर” (मत्ती ७:१२) ।

तपाईंले किन सुसमाचार बाँड्नैपर्छ ? चुनौती ठूलो छ ! हराएकाहरूलाई ख्रीष्टको आवश्यकता छ ! मालिकका निम्ति गवाही हुन र चेलाहरू जित्न उहाँले तपाईंलाई छान्नुभएको छ !

## स्वयम् - जाँच

तलका जाँच विषयहरूलाई पढ्नुहोस् । पाठ वा बाइबललाई नहेरिकन उत्तरहरू दिन नसकिनेजस्तो यदि तपाईंलाई लाग्यो भने, पाठलाई फेरि समीक्षा गर्नुहोस् । तपाईं तयारी हुनुभएपछि, तपाईंको बाइबल वा पाठलाई नहेरिकन नै जाँचलाई पूरा गर्नुहोस् ।

**१** येशूले मानिसहरूका बारेमा हराएको भन्ने शब्द प्रयोग गर्नुहुँदा, उहाँले के अर्थ लगाउनुभएको थियो ?

क आत्मिक अवस्था ।

ख सामाजिक स्तर ।

ग शारीरिक आवश्यकताहरू ।

**२** प्राध्यापककी पत्नीलाई सहयोग पुऱ्याउने कोरियाकी स्त्री डिकनको बारेको कथाले कुनचाहिँ सत्यतालाई धेरै राम्रोसँग चित्रण गर्छ ?

क सबै किसिमका मानिसहरूसँग आवश्यकताहरू हुन्छन् ।

ख सबै मानिसहरूका दुरुस्त उही किसिमका आवश्यकताहरू हुँदैनन् ।

ग आवश्यकताहरू भएका मानिसहरूले प्रायःजसो सहयोगको स्वीकार गर्छन् ।

**३** दुवै औँलाटुप्पो खण्डहरूलाई स्मरणबाट नै आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् वा कसैलाई उद्धरण गरिदिनुहोस् । शीर्षक, बाइबल खण्ड र प्रत्येकको पूरा बाइबल पदलाई समावेश गर्नुहोस् ।

**४** बायाँपट्टि स्तम्भमा भएको प्रत्येक बयान, तथ्य वा बाइबल पदलाई यसलाई राम्रोसँग समर्थन गर्ने दायाँ स्तम्भमा उल्लिखित सुसमाचार प्रचारको कारणलाई जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| .... क महान् आज्ञा आज पनि जायज छ । | १) चुनौती ठूलो छ । |
| .... ख ई.सं.२००० सम्ममा ६ अरबभन्दा बढी मानिसहरू भइसकेका छन् । | २) हराएकाहरूलाई ख्रीष्टको आवश्यकता छ । |
| .... ग १ तिमोथी १:१५ | ३) तिनीहरूलाई बताउनका लागि उहाँले तपाईंलाई छान्नुभएको छ । |
| .... घ संसारको जनसङ्ख्या वृद्धि भइरहेको छ । | |

.... ङ मुक्तिको एकमात्र बाटो येशू हुनुहुन्छ ।

.... च ख्रीष्ट संसारमा आउनुको कारण पापीहरूलाई उद्धार गर्नका लागि थियो ।

.... छ मानिसहरूले ख्रीष्टमा विश्वास गर्न सक्नुभन्दा पहिले तिनीहरूलाई उहाँका बारेमा बताउनैपर्छ ।

**५** खाल्टोमा खसेको मानिसको बारेको यस पाठबाटको कथाले यही तथ्यलाई चित्रण गर्छ कि येशूले

क) शिक्षण र प्रार्थनामा समय बिताउनुभयो ।

ख) पतित मानिसहरूलाई आवश्यक पर्ने किसिमको मद्दत दिनुहुन्छ ।

ग) आफ्ना चेलाहरूलाई महान् आज्ञा दिनुभयो ।

घ) हराएकाहरूका निम्ति दयाको अनुभूति गर्नुभयो ।

^ हामीले किन सुसमाचार प्रचार गर्नैपर्छ भन्ने ती मुख्य कारणहरूको सबैभन्दा उत्तम सारांशचाहिँ तलका बयानहरूको कुनचाहिँ समूह हो ?

क) आवश्यकतामा परेका मानिसहरू उनीहरूलाई मद्दत गर्न कोसिस गर्नेहरूसँग खुला हुन्छन् । तिनीहरूका निम्ति सान्त्वना अभिव्यक्त गर्न मात्र पर्याप्त छैन । तिनीहरूलाई वास्तवमा आवश्यकता परेकोजस्तो मद्दत दिइनैपर्छ ।

ख) आत्मिक रूपमा हराएका मानिसहरूको वृद्धि भइरहेको छ । परमेश्वरतर्फको एकमात्र बाटो ख्रीष्ट हुनुभएको हुनाले हामीले तिनीहरूलाई उहाँको बारेमा बताउनैपर्छ । यसरी तिनीहरूले विश्वास गर्न सक्छन् र उद्धार पाउँछन् ।

ग) मुक्तिको एकमात्र बाटो ख्रीष्ट हुनुहुन्छ भनी बाइबलले हामीलाई अति स्पष्टसँग देखाएको छ । यो सत्य भएको हुनाले, उहाँद्वारा बाहेक अरू कुनै पनि उपायद्वारा उद्धार पाउनका लागि मानिसहरूका निम्ति सम्भव छैन ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

तपाईंका अध्ययन अभ्यासहरूका उत्तरहरूलाई सामान्य क्रममा दिइएका छैनन् । यसरी तपाईंले अर्को प्रश्नको उत्तर पहिले नै देख्न सक्नुहुन्न । तपाईंलाई आवश्यक परेको सङ्ख्या हेर्नुहोस् र पहिले नै हेर्न कोशिस नगर्नुहोस् ।

१ तपाईंको उत्तर । सम्भवतः तपाईंको देशमा भेट्टिएकाभन्दा हराएका मानिसहरू अझ धेरै हुन सक्छन् । यदि त्यहाँ छन् भने, तपाईंको कथा एशियाका प्रचारकले भनेकाजस्तै हुन्छ ।

८ क बेठीक (यूहन्ना १२:३२, हिब्रू २:९) । सबै मानिसहरूमाथि येशूको दावी छ भन्ने कुरा क्रूसमा भएको उहाँको मृत्युले देखाएको थियो ।
ख ठीक (फिलिप्पी २:१०-११) ।
ग बेठीक (हिब्रु २:९) । ख्रीष्ट सबैका निम्ति मर्नुभयो ।

२ तपाईंको उत्तरले यस्तो केही भन्न सक्छ : आफ्ना छोराछोरीहरू खोज्नका लागि आमाले घर छोडेर गइन्; र आफ्ना छोराछोरीहरूले आफूलाई देख्न सकून् भनेर आमा जुलुसमा सहभागी भइन् र मञ्चमा चढिन् ।

९ आफ्नो कार्डमा नहेरिकन नै तपाईंले औंलाटुप्पो खण्ड, रोमी १०:१३ का सबै तीन भागहरूलाई पूरै उद्धरण गर्न सक्नुपर्नेछ ।

३ क शारीरिक (र भौतिक), भावनात्मक, मानसिक, शैक्षिक, आत्मिक ।
ख आत्मिक ।

१० ख आजका विश्वासीहरू पनि ख्रीष्टलाई पछ्याउनेहरू हुन् ।

४ तीन तथ्यहरू यी हुन् : संसारमा मानिसहरूको सङ्ख्या वृद्धि भइरहेको छ, मानिसहरू हराएका छन्, र मानिसहरूसँग आवश्यकताहरू छन् । तपाईंका उदाहरणहरू पाठबाट, बाइबलबाट वा तपाईंको आफ्नै अनुभवबाट हुन सक्छन् । जसको निम्ति तपाईंले प्रयोग गर्नुभएको छ त्यस तथ्यलाई समर्थन गर्न प्रत्येकले मद्दत गर्नैपर्छ ।

११ क २) दोस्रो ।
ख ४) चौथो ।
ग १) पहिलो ।
घ ३) तेस्रो ।

५ ग) प्रेरित ४:१२ ।

१२ ग) कसैले उनलाई ख्रीष्टको बारेमा बताउँछ । (अर्थात् उनलाई भन्ने व्यक्ति तपाईं नै हुनुहुन्छ । बाँकी कार्यहरू ती व्यक्ति आफैँले गर्नैपर्छ ।)

६ आफ्नो कार्डमा नहेरिकन नै तपाईंले औँलाटुप्पो खण्ड, १ तिमोथी १:१५ का सबै तीन भागहरूलाई पूरै उद्धरण गर्न सक्नुपर्नेछ ।

१३ क) "मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनेँ र तिमीहरूलाई नियुक्त गरेँ, कि तिमीहरू जाओ र फल फलाओ" (यूहन्ना १५:१६) ।
घ) "मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर" (मत्ती ७:१२) ।

७ क) १) ख्रीष्ट मुक्तिका एकमात्र उपाय हुनुहुन्छ ।
ख) २) सबैले उद्धार पाएको परमेश्वरले चाहनुहुन्छ ।
ग) १) ख्रीष्ट मुक्तिका एकमात्र उपाय हुनुहुन्छ ।
घ) २) सबैले उद्धार पाएको परमेश्वरले चाहनुहुन्छ ।
ङ) १) ख्रीष्ट मुक्तिका एकमात्र उपाय हुनुहुन्छ ।

## तपाईंको बुँदा टिपोटको निम्ति